भरतपुर महानगरपालिकाका स्थानीय राजपत्र खण्ड १ संख्या ३४ मितिः २०७७ भाद्र ०७ गते

# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्ड- १ | संख्या- ३४ | मितिः २०७७/०५/०७

## भाग-२

भरतपुर कोभिड १९ आईसोलेसन  केन्द्र सञ्चालन कार्यविधि, २०७७

# भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन

वागमती प्रदेश, नेपाल

भरतपुर कोभिड -१९ आईसोलेसन केन्द्र सञ्चालन कार्यविधि, २०७७

प्रमाणिकरण मितिः २०७७/०५/०७

प्रस्तावनाः

कोरोना भाइरस संक्रमणबाट उत्पन्न मानव जनस्वास्थ्य सम्बन्धि महामारीले विश्वसमुदाय नै आक्रान्त रहेको परिस्थितमा नेपाल पनि अछुतो रहन नसकेको र हाल कोभिड १९को संक्रमण समुदाय स्तरमा फैलिन सक्ने सम्भावनालाई मध्य नजर गरिसंक्रमणलाई नियन्त्रण गर्न महानगरपालिका क्षेत्रभित्र रहेका कोभिड १९ संक्रमित लक्षण नदेखिएका वा सामान्य लक्षण देखिएका विरामिहरुलाई समुदायबाट अलग गरी छुट्टै राखि कोभिड् १९ महामारी नियन्त्रण गर्न आवश्यक देखिएकाले भरतपुर महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ अनुसार यो कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस कार्यविधिको नाम भरतपुर महानगरपालिकाकोभिड-१९ आइसोलेसन केन्द्रको संचालन/व्यवस्थापन कार्यविधि, २०७७ हुनेछ ।

१.२ यो कार्यविधि कार्यपालिकाबाट पारित भएको मितिबाट प्रारम्भ हुनेछ ।

## परिच्छेद -२

२. विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

२.१ "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनुपर्दछ ।

२.२"कार्यविधि" भन्नाले कोभिड १९ आइसोलेसन संचालन/व्यवस्थापन कार्यविधि, २०७७ सम्झनुपर्दछ।

२.२ "कार्यालय" भन्नाले महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ।

२.३ "कोभिड १९आइसोलेसन" भन्नाले भरतपुर महानगरपालिकाले संचालन गरेको भरतपुर महानगरपालिका कोभिड १९ आइसोलेसन केन्द्रलाई सम्झनुपर्दछ।

२.४ व्यवस्थापन समिति भन्नाले यसै कार्यविधिको दफा ३.६ बमोजिम गठनहुने व्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

## परिच्छेद ३

३.भरतपुर महानगरपालिका कोभिड १९ आइसोलेसन केन्द्रको व्यवस्थापनः

३.१ भरतपुर महानगरपालिका क्षेत्रभित्रका कोभिड १९बाट संक्रमित तर लक्षण नदेखिएका वा सामान्य लक्षण देखिएका विरामिहरुलाई महानगरपालिकाबाट सञ्चालन भएको कोभिड १९ आइसोलेसन केन्द्रमा राखिनेछ।

३.२ भरतपुर महानगरपालिकाबाट गठन भएका केश अनुसन्धान तथा कन्टयाक्टटिमले क्वारेन्टाइन वा संक्रमितको कन्टयाक्ट ट्रेसिङ्गबाट स्वाब संकलन गरी परिक्षणबाट कोरोना पोजेटिभ देखिई लक्षण नदेखिएका वा सामान्य लक्षण देखिएका संक्रमितहरु, विदेशबाट आएका महानगरपालिकाका व्यक्ति र महानगरपालिका भित्र भाडामा बस्ने र वडा कार्यालयबाट सिफारिस गरेका अस्थाइ बासिन्दालाई मात्रउक्त आइसोलेसन केन्द्रमा राख्ने व्यवस्था मिलाईने छ।

३.३ आइसोलेसन केन्द्रको संचालन/व्यवस्थापन महानगरपालिका र स्थानिय व्यवस्थापन योगि नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालय बागेश्वरीद्वारा हुनेछ।

३.४ आइसोलेसनमा रहेका संक्रमितहरुले नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत कोभिड- १९ संक्रमितहरुको आइसोलेसन सम्बन्धी स्वास्थ्य मापदण्ड, २०७७ मा उल्लेख भए बमोजिमको मापदण्ड पालाना गर्नुपर्नेछ।

३.५ आइसोलेसन केन्द्रको आन्तरिक व्यवस्थापन (खानपिन, योगा, व्यायाम, प्राकृतिक उपचार, सरसफाइ, नियमित चेकजाच लगायतको) को काम योगी नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालयले गर्नेछ।

३.६ आइसोलेसन केन्द्रको संचालनको लागी महानगरले एउटा छुट्टै व्यवस्थापन समिति गठन गर्नेछ र उक्त समितिले कार्यविधि र प्रचलित ऐन नियम बमोजिम कार्य गर्नेछ।

३.७ आइसोलेसन केन्द्रमा बसेका व्यक्तिको स्वास्थ्य परिक्षण लगायत अन्य प्रविधिक सहयोग महानगरपालिकाको स्वास्थ्य शाखा र भरतपुर अस्पतालले गर्नेछ।

## परिच्छेद-४

४. भरतपुर महानगरपालिका कोभिड १९ होम आइसोलेसन व्यवस्थापनः

४.१ कोभिड १९ बाट संक्रमित तर लक्षण नदेखिएका वा सामान्य लक्षण देखिएका व्यक्तिको आफ्नै घरमा छुट्टै कोठा र शौचालयको व्यवस्था भएको र बस्ने अवस्था भएसम्म होम आइसोलेसनमा बस्ने।

४.२ होम आइसोलेसनमा बसेका व्यक्तिहरुलाई स्थानीय जनप्रतिनिधि कर्मचारी र स्वास्थ्यकर्मी सहित नियमित भेटघाट गरि आत्म विस्वास बृद्धि गर्ने।

४.३ होम आइसोलेसनमा बसेका व्यक्तिहरुलाई दैनिक आवश्यक सामानहरुको व्यवस्थापन गरिदिने।

४.४ होम आइसोलेसनमा बसेका व्यक्तिहरु विरामि भइ अस्पताल जान पर्ने भएमा अस्पताल

भरतपुर कोभिड -१९ आईसोलेसन केन्द्र सञ्चालन कार्यविधि , २०७७

## परिच्छेद-५

५. जनशक्ति व्यवस्थापनः

५.१ आइसोलेसन केन्द्रमा बसेका व्यक्तिहरुलाई खानपिन र उपचार लगायतका कामका लागि आवश्यक न्यूनतम जनशक्ति( चिकित्सक ३, प्रशासनिक १, लेखापाल १, भान्से र अन्य सहयोगी गरी ९, स्वीपर ४ गरी जम्मा १८ जना) योगी नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालयलबाट उपलब्ध गराउने।

५.२ आइसोलेसन केन्द्रको व्यवस्थापनमा खटिएका जनशक्तिको बिमा तथा न्यूनतम पारिश्रमिक भरतपुर महानगरपालिकाले विपद् व्यवस्थापन कोषबाट अनुदान स्वरुप एकै पटक वा पटक पटक गरि उपलब्ध गराइनेछ।

## परिच्छेद-६

६. सुरक्षा व्यवस्थापनः

६.१ आइसोलेसन केन्द्रमा कार्यरत विरामी तथा अन्य जनशक्तिको सुरक्षा उपलब्ध गराउन महानगरले स्थानीय प्रशासनसँग आवश्यक समन्वय गर्नेछ।

६.२ महानगरका नगरप्रहरीले समेत समय समयमा उक्त केन्द्रको सुरक्षामा आवश्यक सहयोग पुर्याउनेछ।

६.३ सुरक्षाको लागि आवश्यक सिसि क्यामेरा र बिजुलिको व्यवस्था मिलाइनेछ।

## परिच्छेद-७

७.आइसोलेसनमा रहेका संक्रमितहरुको खानाको व्यवस्था:

७.१ आइसोलेसनकेन्द्रमा रहेका संक्रमित र आइसोलेसनमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्य कर्मचारीहरुलाई स्वस्थ र पोषिलो शाकाहारी खाना उपलब्ध गराइनेछ ।

७.२ चौबिसै घण्टा स्वच्छ खानेपानी लगायत अन्य अत्यावश्यक कुराको व्यवस्थापन गरिनेछ।

६.३ खाना खाइसके पश्चात वा भाडा प्रयोग गरे पश्चात भाडाकुडाँहरु प्रयोग गर्ने संक्रमितलेनै राम्रोसँग सफा गरेर पुन प्रयोगमा ल्याउनुपर्नेछ।

## परिच्छेद-८

८.आइसोलेसन केन्द्रको बजेट, खर्च व्यवस्थापन तथा लेखा र लेखा परिक्षणसम्बन्धि व्यवस्था:

८.२ आइसोलेसन केन्द्रको आन्तरिक व्यवस्थापन लगायत कामका लागि आवश्यक बजेट व्यवस्थाका लागि संघ तथा प्रदेशसंग समन्वयको काम महानगरपालिकाले गर्नेछ।

८.३ महानगरपालिकाबाट प्राप्त अनुदान रकमको नियमानुसार लेखा राख्ने तथा लेखापरीक्षण गराउने दायित्व योगि नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालय बागेश्वरीको हुनेछ।

८.४. आइसोलेसन केन्द्र सहयोग गर्ने दाताहरुको विवरण र सहयोग रकम, जिन्सी सामानको दुरुस्त रेकर्ड राखी महानगरमा प्रतिवेदन गर्ने र उक्त रकम र जिन्सी सामान नियमानुसार स्वीकृत लिनु पर्नेमा स्वीकृत लिई खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-९

९. व्याख्याः

९.१ यस कार्यविधिको कुनै दफा वा परिच्छेदमा कुनै दुविधा उत्पन्न भएमा सोको अन्तिम व्याख्या भरतपुर महानगर नगरकार्यपालिकाले गर्नेछ।

९.२ यो कार्यविधिमा उल्लेख भएको यसै बमोजिम र अन्यको हकमा प्रचलित कानूनमा लेखिए बमोजिम हुनेछ ।

प्रमुख

आज्ञाले

प्रेमराज जोशी

प्रमुख प्रशासकीय अधिकृत